# राष्ट्रिय स्वतन्त्र पार्टी

## पालिका भेला कार्यविधि
## २०८०
(पहिलो संशोधन २०८१ सहित)

**राष्ट्रिय स्वतन्त्र पार्टी**
**केन्द्रीय संगठन विभाग**

# राष्ट्रिय स्वतन्त्र पार्टी
# पालिका भेला कार्यविधि, २०८०
## (पहिलो संशोधन २०८१ सहित)

राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९(तेस्रो संशोधन, २०८१) बमोजिम पार्टीका विधि, पद्दति र लोकतान्त्रिक प्रणालीभित्र रही निष्पक्ष, धाँधलीरहित र आपसी सहमतिको वातावरणमा पालिका भेला मार्फत् पालिका तदर्थ समिति गठन गर्न गराउन केन्द्रीय संगठन विभागले पालिका भेला कार्यविधि, २०८१ जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **पालिका भेला कार्यविधि, २०८१** रहनेछ।
(ख) यो कार्यविधि केन्द्रीय संगठन विभागले जारी गरेको मिति देखि लागू हुनेछ।
(ग) यो कार्यविधि पार्टीको प्रथम पटक हुने पालिका भेलाको हकमा मात्र लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) **विधान** भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको विधानलाई जनाउनेछ।
(ख) **पालिका तदर्थ समिति** भन्नाले कार्यविधि बमोजिम गठन भएको पालिका समितिलाई जनाउनेछ।
(ग) **निर्वाचन** भन्नाले पालिका भेला मार्फत् समिति निर्माण गर्दा हुने निर्वाचनलाई जनाउनेछ।
(घ) **उम्मेद्वार** भन्नाले पालिका समितिका पदाधिकारी तथा सदस्यहरूको पदका लागि हुने उम्मेद्वारलाई जनाउनेछ।
(ङ) **मतदाता** भन्नाले पालिका भेला कार्यविधि अनुसार पालिका भेलाको प्रतिनिधिलाई जनाउनेछ।

**३. पालिका भेलाको लागि न्यूनतम सदस्य संख्या निर्धारणः**

(क) पालिका भेला गर्नका लागि सम्बन्धित पालिकामा न्युनतम ३३ जना पार्टी सदस्य भएको हुनु पर्नेछ।

**४. पालिका भेला आयोजना हुनेः**

(क) न्यूनतम पार्टी सदस्य संख्या भएका पालिकाहरु.मा पालिका भेला आयोजना गर्नु पर्नेछ। पालिका भेलामा समसामयिक राजनीतिक छलफल तथा तदर्थ पालिका समिति गठन हुने छ।

(ख) पालिका भेला आयोजना गर्ने मूल जिम्मेवारी जिल्ला समिति वा समितिको निर्देशनमा जिल्ला संगठन विभागको हुनेछ। जिल्ला समिति नभएको स्थानमा प्रदेश संगठन विभागले तोकेको निकाय वा व्यक्तिको जिम्मेवारीमा हुनेछ।

(ग) पालिका भेलाको तालिका जिल्ला समिति वा समितिको निर्देशनमा जिल्ला संगठन विभागले तय गर्नेछ।

**५. पालिका समितिको संरचनाः**

(क) सभापति १ जना, उपसभापति १ जना, सचिव १ जना, सहसचिव १ जना र गाउँपालिका समितिमा ५ जना सदस्यहरु., नगरपालिका समितिमा ९ जना सदस्यहरु. र उपमहानगरपालिका समितिमा १५ जना सदस्यहरु. र महानगरपालिका समितिमा १९ जना सदस्यहरु. निर्वाचित हुने छन्। निर्वाचित

पालिका सदस्यहरु.मध्येबाट सभापतिले पालिका कोषाध्यक्ष मनोनित गर्नेछ । सभापतिले पालिकाको सदस्यहरु.बाट २ जनासम्म पालिका समिति सदस्य मनोनित गर्न सक्नेछ । पालिकाभित्रका सबै वडा सभापति पदेन सदस्य हुनेछन् । साथै पालिकामा निर्वाचित जनप्रतिनिधि (प्रमुख र उपप्रमुख स्थायी आमन्त्रित हुनेछन् ।

**पालिका समिति देहाय अनुसार हुनेछ :**

- **गाउँपालिका समितिः** ११ जना,
- **नगरपालिका समितिः** १५ जना,
- **उपमहानगरपालिका समितिः** २१ जना,
- **महानगरपालिका समितिः** २५ जना

(ख) पालिका सभापतिको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०% + १) को संख्यामा मत ल्याउनुपर्नेछ । अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ ।

(ग) पालिका सभापतिको अन्तिम चरणको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्द्वी स्वतः पालिका समिति सदस्य निर्वाचित हुनेछ । यो सदस्य पद संख्या सभापतिबाट मनोनित हुने संख्यामा मिलान गरिनेछ ।

(घ) पालिका समितिमा कम्तीमा १ जना दलितसहित ३३ प्रतिशत महिला अनिवार्य रूपमा हुनुपर्नेछ भने युवालाई प्राथमिकतामा राखिने छ । कुनै कारणवश यो अनुसार समावेशिता कायम हुन नसके, ती पद रिक्त रहनेछ, फरक समूहबाट पूर्ति गरिने छैन ।

(ङ) पालिका समिति (तदर्थ)को कार्यकाल पालिका अधिवेशनसम्म हुनेछ ।

**६. पालिका भेलाको प्रतिनिधिः**

सम्बन्धित पालिकामा स्थायी बसोवास भएको, पालिका भेला तोकिएको मितिभन्दा ३ दिन अगावै केन्द्रीय पोर्टल (RSP APP) मा प्रमाणित पार्टी सदस्यहरु. तोकिए बमोजिम पालिका भेलाको प्रतिनिधि हुनेछन् । हरेक प्रतिनिधिलाई पालिका समितिमा उम्मेदवारी दिने अधिकार हुनेछ ।

(१) भेलाको सूचना जारी गर्ने मितिसम्म २०० जना पार्टी सदस्य भएको पालिकामा सबै पार्टी सदस्यहरु.,

(२) भेलाको सूचना जारी गर्ने मितिसम्म २०१ भन्दा बढी सदस्य भएको पालिकामा देहाय बमोजिमको प्रतिनिधि हुनेछन् ।

(क) वडा समिति सबै

(ख) वडा समिति गठन भएका वडाबाट २५ जना सम्म सदस्य भएमा ३ महिलासहित ७ जना वडा समितिले छनौट गरेको सदस्य ।

(ग) वडा समिति गठन भएका वडाबाट २५ जना भन्दा बढी सदस्य भएमा प्रति १० जना सदस्य बराबर थप १ महिला सहित २ जनाका दरमा वडा समितिले छनौट गरेको पार्टी सदस्य ।

(घ) वडा समिति गठन नभएको वडाबाट जिल्ला संगठन विभागले स्थलगत बैठक राखी प्रतिनिधि देहाय बमोजिम तोक्नेछन् ।

- १० जना मात्रै सदस्य भएको वडाबाट सबै ।
- १० जना भन्दा बढी सदस्य भएका वडाबाट प्रति ५ जना सदस्यको सहमतिमा १ महिलासहित २ जनाका दरमा छनौट गरेको सदस्य ।

(३) भेलामा सम्बन्धित पालिकामा स्थायी ठेगाना भएका सदस्यहरु. पार्टीको केन्द्र, प्रदेश, जिल्ला, वा निर्वाचन क्षेत्रको समिति वा संयन्त्रको जिम्मेवारीमा भएकाहरु.लाई निमन्त्रणा गर्नुपर्नेछ ।

## ७. पालिका भेला आयोजना गर्दा गर्नुपर्ने कार्यहरु. :

(क) पालिका भेलाको लागि आवश्यक न्युनतम सदस्य भएको व्यहोरा यकिन गर्ने ।

(ख) भेला आयोजना गर्नको लागि उपयुक्त मिति, समय र स्थान आयोजक टिमका सदस्यहरु.को छलफलबाट निर्धारण गर्ने, आवश्यकता अनुसार लिखित निर्णय गर्ने ।

(ग) फेसबुक र अन्य उपयुक्त माध्यमबाट ५ दिन अगावै सार्वजनिक सूचना जारी गर्ने । सो सूचना आयोजक टिमले फेसबुक मार्फत् सार्वजनिक गर्ने । भेलाको सूचना सामाजिक सद्भाव कायम राखी ध्वनि प्रदुषण कम हुने गरी माइकिङसमेत गर्न सकिनेछ ।

(घ) भेला आयोजना गर्दा आवश्यक स्रोतसाधनको व्यवस्था स्थानीय रु.पमा गर्ने । साथै भेला सफल पार्न कार्यक्रमस्थल व्यवस्थापन उपसमिति, प्रचारप्रसार उपसमिति, प्रतिनिधि व्यवस्थापन एवम् दर्ता उपसमिति लगायत आवश्यक उपसमितिहरु. गठन गर्ने ।

(ङ) भेलाको दिन आगन्तुकहरु.को उपस्थिति लिने, भेलाको फोटो, भिडियो लिने, उद्घाटनको लागि बजाउने घण्टी, मापदण्ड अनुसारको ब्यानर, राष्ट्रिय झण्डा र पार्टीको झण्डाको व्यवस्था गर्ने, स्थानीयमा उपलब्ध पिउने पानी, शौचालयको प्रबन्ध गर्ने ।

(च) भेला गर्दा उपस्थित पार्टीका नेताहरु.को उपस्थिति जानकारी गराई उपस्थित नेताहरु.मध्येबाट घण्टी बजाएर कार्यक्रम सुरु. गर्ने र लगत्तै राष्ट्रिय गान गाउने र बाँकी कार्यक्रम सञ्चालन गर्ने ।

## ८. पालिका समिति गठन प्रक्रिया

### (क) सहजीकरण समिति गठन

पालिका समिति गठन सहजीकरणका लागि जिल्ला समितिले संयोजक १ र सदस्यहरु. २ जना रहेको सहजीकरण समिति गठन गर्नेछ । सहजीकरण समितिले पालिका भेलामा पालिका समिति गठन गर्न तोकिए अनुसार सहजीकरण गर्नेछ ।

### (ख) प्रतिनिधि व्यवस्थापन

सहजीकरण समितिले दफा ६ बमोजिम प्रतिनिधिहरुको नामावली संकलन गरी भेला तालिका अनुसार प्रारम्भिक नामावली प्रकाशन, दाबी विरोध र अन्तिम नामावली प्रकाशन गर्नेछ । अन्तिम नामावलीमा नाम रहेको प्रतिनिधिहरुले मात्रै उम्मेदवारी दिन एवम् मतदान गर्न पाउने छन् ।

### (ग) उम्मेदवारी दर्ता

पालिका समितिमा निर्वाचित हुनका लागि इच्छुक प्रतिनिधिहरुले आफु निर्वाचित हुन चाहेको पदमा सहजीकरण समिति समक्ष उम्मेदवारी दर्ता गर्नु पर्नेछ। उम्मेदवारले पालिका सभापति पदको लागि रु.. ५००, उपसभापति र अन्य पदाधिकारीको पदको लागि रु.. ३०० र सदस्य पदको लागि रु.. २०० उम्मेदवारी शुल्क बुझाउनु पर्नेछ ।

### (घ) उम्मेदवार नामावली प्रकाशन

सहजीकरण समितिले प्राप्त उम्मेदवारी उपर जाँचबुझ गरी भेला तालिका अनुसार उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन गरी दाबी विरोधको लागि निश्चित समय तोकी, दाबी विरोधमा प्राप्त उजुरी उपर छानबिन किनारा लगाई उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नुपर्नेछ ।

(ङ) भेलामा तोकिएको पदहरु.मा एकल उम्मेदवारी परेको भए सहजीकरण समितिले हलबाट अनुमोदन गराई निर्विरोध चयन भएको घोषणा गर्न सक्नेछ। यस्तो अवस्थामा हलबाट अनुमोदन हुन नसकेमा उक्त उम्मेदवारी खारेजी हुनेछ । एकै पदमा एकभन्दा बढीको उम्मेदवारी परेमा उम्मेदवारहरु.लाई सहमतिको लागि समय दिनु पर्नेछ । यदि तोकिएको समय सीमामा सहमति हुन

नसकेमा भेलामा उपस्थित प्रतिनिधिहरु.ले एक प्रतिनिधि एक मतको आधारमा निर्वाचन गरी लोकतान्त्रिक विधिबाट समिति निर्वाचित गर्नेछ ।

(च) पालिका सभापतिको पदमा निर्वाचित हुनको लागि खसेको मतको ५०%+१ मत ल्याउनु पर्नेछ । यदि २ भन्दा बढी उम्मेदवार भई कसैको पनि ५०%+१ मत प्राप्त नभएमा धेरै मत आउने २ उम्मेदवार बीच पुनः मतदान गर्नुपर्नेछ । पालिका सभापतिको अन्तिम चरणको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्द्वी स्वतः पालिका समिति सदस्य निर्वाचित हुनेछ । यो सदस्य पद संख्या सभापतिबाट मनोनित हुने संख्यामा मिलान गरिनेछ ।

(छ) यदि मत बराबर आएमा लक्की ड्र गरी निर्वाचित हुने व्यवस्था गर्नुपर्नेछ ।

(ज) निर्वाचन र समिति चयन प्रक्रियाका क्रममा धाँधली वा पक्षपात गर्ने सहजीकरण समिति, उम्मेदवार वा उम्मेदवारलाई धाँधली वा पक्षपात गरेको ठहर भएमा ५ बर्षसम्म निर्वाचनमा भाग लिन र पार्टीको जिम्मेवारीमा नरहने गरी जिल्ला संगठन विभागले माथिल्लो तहको संगठन विभागलाई कारवाहीको सिफारिस गर्नेछ ।

## ९. शपथ ग्रहण

निर्वाचित पदाधिकारी तथा सदस्यहरु.ले अनुसूची-३ बमोजिम भेलामा उपस्थित नेताबाट पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ ।

## १०. पालिका समिति सदस्यको लेबी

(१) पालिका समितिमा रहेका सदस्यहरु.को वार्षिक लेबी रकम देहाय बमोजिम रहेको छ ।

(क) महानगरपालिकाको वार्षिक लेबीः सभापतिको रु.७०००, पदाधिकारीको रु.३००० र सदस्यको रु.२०००

(ख) उपमहानगरपालिकाको वार्षिक लेबीः सभापतिको रु.५०००, पदाधिकारीको रु.३००० र सदस्यको रु.२०००

(ख) नगरपालिकाको वार्षिक लेबीः सभापतिको रु.३०००, पदाधिकारीको रु.२५०० र सदस्यको रु.१५००


(ग) गाँउपालिकाको वार्षिक लेबीः सभापतिको रु.२०००, पदाधिकारीको रु.१५०० र सदस्यको रु.१०००

(२) आर्थिक अवस्थाका कारण लेबी रकम तिर्न नसक्ने सदस्य, पदाधिकारीले सम्बन्धित समिति मार्फत् लेबी मिनाहाका लागि अनुरोध गर्नुपर्नेछ। पालिका समितिको निर्णयले त्यस्तो अनुरोध स्वीकृत गरेमा सो वर्षको लेबी मिनाहा गर्न सकिनेछ। सम्बन्धित समितिको सिफारिसमा राजीनामा स्वीकृत हुने तहबाट (राजीनामा सम्बन्धी कार्यविधि, २०८१) लेबी नतिर्ने सदस्यको पद रिक्त गराउन सक्नेछ।

## ११. अद्यावधिक गर्नेः

विधिवत रुपमा गठन भएका पालिकाहरु जिल्लाको समन्वयमा प्रदेश संगठन विभागले पार्टीको पोर्टल https://admin.rspnepal.org/ मा अनिवार्य अद्यावधिक गराउनु पर्नेछ । अद्यावधिक भएपछि मात्रै पालिका समितिले आधिकारिकता पाउने र बैंक खाता खोल्ने अख्तियारी दिइनेछ ।

**पारित मिति : २०८१ माघ २३**
**पारित गर्ने निकाय : केन्द्रीय संगठन विभाग**
**प्रमाणिकरण मिति : २०८१ माघ २३**
**प्रमाणिकरण गर्ने पदाधिकारी : कविन्द्र बुर्लाकोटी, संगठन विभाग प्रमुख**
**हस्ताक्षरः**



# राष्ट्रिय स्वतन्त्र पार्टी

## पालिका भेलाको माइन्युट

मितिः...............................

आज मिति २०८१ ...................महिनाको ........गते यस .........................जिल्लाको ......................... पालिकामा देहायको उपस्थितिमा भएको पालिकास्तरीय भेलामा निम्न विषयहरुमा छलफल गरी निर्णयहरु गरियो ।

| क्र.सं. | नामः | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

**प्रस्तावहरु.:**

१. पालिका तदर्थ समिति गठन गर्ने बारे ।

२. जानकारी गराउने बारे ।

३. विविध ।

**निर्णयहरु.:**

**निर्णय नं. १:**
प्रस्ताव नं. १ उपर छलफल गर्दा यस राष्ट्रिय स्वतन्त्र पार्टीको भेलाले पालिका तदर्थ समितिमा देहाय बमोजिमको समिति चयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |

२. प्रस्ताव नं. २ मा छलफल गर्दा यस भेलाले चयन गरेको समितिको विवरण तथा अन्य निर्णयहरुको बारेमा सम्बन्धित निकायहरुलाई जनाकारी गराउने निर्णय गरियो ।

३.

अनुसुचि २- पालिका समितिको उम्मेदवारी दर्ता फारम

# राष्ट्रिय स्वतन्त्र पार्टी

**पालिका भेला**

**उम्मेदवारी दर्ता फारम**

मितिः..................................

आज मिति २०८१ ...... .गते.......... भइरहेको पालिका भेलामा पालिका समिति ................. पदमा रहनको लागि निम्न प्रस्तावक साथमा मैले मेरो उम्मेदवारी दिएको छु। मेरो यो निर्वाचन प्रक्रियामा पूर्ण सर्मथन छ।

| | |
|---|---|
| उमेदवारको नाम थरः | प्रस्तावक नाम थरः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| जिल्लाः | जिल्लाः |
| पालिका | पालिका |
| वडा नं. : | वडा नं. |


# राष्ट्रिय स्वतन्त्र पार्टी

**पालिका भेला**

**उम्मेदवारी दर्ता फारम**

मितिः..................................

आज मिति २०८१ ...... .गते.......... भइरहेको पालिका भेलामा पालिका समिति ................. पदमा रहनको लागि निम्न प्रस्तावक साथमा मैले मेरो उम्मेदवारी दिएको छु। मेरो यो निर्वाचन प्रक्रियामा पूर्ण सर्मथन छ।

| | |
|---|---|
| उमेदवारको नाम थरः | प्रस्तावक नाम थरः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| जिल्लाः | जिल्लाः |
| पालिका | पालिका |
| वडा नं. : | वडा नं. |

## अनुसुचि ३- शपथ पत्र

# राष्ट्रिय स्वतन्त्र पार्टी

## <u>शपथ पत्र</u>

म (सम्बन्धित सदस्यको पूरा नाम) ..........................................................मुलुक र जनता तथा राष्ट्रिय स्वतन्त्र पार्टीको विधान प्रति पूर्ण बफादार रही सत्यनिष्ठपूर्वक प्रतिज्ञा गर्दै इमानका साथ ईश्वर, देश र जनताको नाममा शपथ लिन्छु कि पार्टीप्रति पूर्ण बफादार रहदै ..................................पालिका समितिको ...........................................पदको कामकाज प्रचलित कानून र पार्टीको विधानको अधीनमा रही मुलुक र जनताको भालो चिताई, कसैको डर नमानी पक्षपात नगरी पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीकासाथ गर्नेछु ।

**नामः** .................................

**हस्ताक्षरः**

# राष्ट्रिय स्वतन्त्र पार्टी

## <u>शपथ पत्र</u>

म (सम्बन्धित सदस्यको पूरा नाम) ..........................................................मुलुक र जनता तथा राष्ट्रिय स्वतन्त्र पार्टीको विधान प्रति पूर्ण बफादार रही सत्यनिष्ठपूर्वक प्रतिज्ञा गर्दै इमानका साथ ईश्वर, देश र जनताको नाममा शपथ लिन्छु कि पार्टीप्रति पूर्ण बफादार रहदै ..................................पालिका समितिको ...........................................पदको कामकाज प्रचलित कानून र पार्टीको विधानको अधीनमा रही मुलुक र जनताको भालो चिताई, कसैको डर नमानी पक्षपात नगरी पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीकासाथ गर्नेछु ।

नामः ..........................................

हस्ताक्षरः